## ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या : २** **प्रमाणिकरण : २०७६।०६।०८**

**प्रकाशन मिति : २०७६।०६।०८**

## भाग - २

## ठाकुरबाबा नगरपालिका

### कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७५ (प्रथम संसोधन २०७६)

१. कार्यविधिको सबै दफामा कृषि शाखा भनि उल्लेख भएकोलाई "**कृषि उप शाखा**" भनि संसोधन गरिएको छ ।

२. दफा ६ को उप दफा क २ मा "दर्ता भएको समूहले सम्बन्धित वडा कार्यालयमा सिफारीसका लागि निवेदन दिनुपर्नेछ" भनि संसोधन गरिएको छ ।

३. दफा ६ को उप दफा क ५ मा " कृषि उपशाखाले आवश्यक प्रकृया पूरा गरी निवेदन दर्ता भएको मितिले १५ दिन भित्र सम्बन्धित समूहलाई करेसाबारी निर्माण गर्न छनौट गरी जानकारी दिइनेछ" भनि संसोधन गरिएको छ ।

४. दफा ६ को उप दफा ख ८ मा " कृषि मेला र प्रतियोगितात्मक कार्यक्रमहरु : आवश्यकतानुसार मापदण्ड तथा नर्म्स बनाई प्रतिस्पर्धा गरी गराइ प्राविधिकको रोहवर

कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७५

तथा सिफारीसमा पुरस्कृत गर्ने जस्तै खाद्यान्न, दलहन, तेलहन, माछा, तरकारी उत्पादन प्रतियोगिता, उत्कृष्ट कृषक समुह तथा कृषकलाई ५०० देखि २००० मा नवढ्ने गरी तहगत रुपमा उपलब्ध गराउने" भनि संसोधन गरिएको छ ।

५. दफा ६ को उप दफा ख १४.१ मा "नगरपालिकाभित्र सम्भावना रहेका बालिहरु (अनुसुचि १.२ बमोजिम) र छिटो प्रतिफल दिन सक्ने माथि उल्लेखीत बालीहरुलाइ विशेष महत्व दिई ब्यावशायीक उत्पादनका लागी साझेदार निकायहरुको सहकार्यमा मौसम अनुकुल समयमा नगरपालिकालाई आत्मनिरभरताका लागी निम्न लिखित मापदण्डमा रहि प्रतिफलमा आधारित अनुदान प्रवाह गरिने ।

**कार्यक्रम संचालन प्रकृयाः**

- नगरपालिकाले बाली तथा मापदण्ड खुलाएर १५ दिने सुचना गरी प्रस्तावना आह्वान गर्ने।
- कृषि उपशाखाले प्रस्तावना (अनुसुची १.५ बमोजिम) को लगत तयार पार्ने र आवश्यक भए स्थलगत अनुगमन समेत गरी छनौट समितिमा पेश गर्ने र छनौट समितिको निर्णय बमोजिम अनुदानग्राहि छनौट गरिने ।
- प्रतिफलमा आधारित अनुदानका लागी छनौटमा परेका कृषकहरुले क्षेत्रफल एवं उत्पादन स्थलगतरुपमा अनुगमन समितिले अनुगमन गरी भुक्तानी दिने ।

**कार्यक्रम संचालन मापदण्ड**

- यस अन्तर्गत अनुदान पाउनका लागी कम्तिमा व्यक्तिको हकमा ५ कठ्ठा र समुहको हकमा १० कठ्ठा जग्गामा खेती भएको हुनु पर्ने ।
- एउटै वालीको एउटै कलष्टरमा खेती गरीएको हुनुपर्ने ।
- प्रति कठ्ठा १५००।- (एक हजार पाँच सय) का दरले प्रतिफलमा आधारित (खेती गरिएको वा उत्पादन भएको) अनुदान उपलब्ध हुने ।
- प्राविधिकहरुको स्थलगत निरीक्षण सहित छनौट समितिको निर्णय अनिवार्य हुनुपर्ने ।
- अनुदानग्राहीले भुक्तानीका लागी स-प्रमाण आवश्यक कागजात सहित आवेदन दिनु पर्ने" भनि थप गरिएको छ ।

६. अनुसूचि १.२ लाई हटाइ "व्यवसायिक सम्भावना रहेका बालिहरुको सुचि" थप गरिएको छ ।

कृषि अनुदान सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७६

## अनुसुचि १.२
## ब्यावसायीक सम्भावना बोकेका बालीहरु

१. मसिना तथा बासनादार र चैते धान
२. आलु
३. बेमौसमी तरकारी
४. माछा
५. हिउंदे मकै
६. च्याउ खेती
७. बगरखेती
८. खाद्यान्नबाली वीउ उत्पादन
९. दलहन बाली
१०. तेलहनवाली
११. फलफुल (आँप लिचि केरा कागती)

आज्ञाले
चेतप्रसाद उप्रेती
प्रमुख प्रशासकीय अधिकृत

कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धि कार्यविधि, २०७६